# धनगढी उप – महानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद महाशाखा
## धनगढी, कैलाली

पत्र संख्या: ०७७।०७८

चलानी नं ९५

मिति :२०७७/०६/१४

बिषय : आधारभूत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

श्री सामुदायिक माध्यमिक विद्यालयहरु
धनगढी उप महानगरपालिका कैलाली।

प्रस्तुत विषयमा सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयको च नं ९०७ मिति २०७७/०६/१४ गतेको पत्रको छाया प्रति यसै पत्रसाथ संलग्न छ सो अनुसार मापदण्ड पुरा गर्ने सर्तमा आधारभूत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न ईच्छुक विद्यालयहरुले प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।

.............................

विष्णुप्रसाद कोइराला
उपसचिव-शिक्षा
अधिकृत स्तर नवौं तह

वोधार्थ
श्री सुचना तथा प्रविधि शाखा Website मा Upload गरिदिनु हुन ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली, नेपाल

इमल: mosdkailali07@gmail.com
वेबसाइट : mosd.p7.gov.np
फोन नं. ०९१-५२४५६३
५२६५०४
फ्याक्स नं. ०९१-५२७१६८
टोल फ्रि नं. १६६०९१५५५६३

प.सं. ०७७/७८
च.नं. ५०७

मितिः- २०७७।०६।१४

**विषय : आधारभूत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

श्री स्थानीय तहहरू ८८ वटै
सुदूरपश्चिम प्रदेश

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०७७/०७८ को नेपाल सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमको क्रियाकलाप नं २.७.१३.९८ *"स्थानीय तहसंगको साझेदारीमा विद्यालय समायोजन/ एकीकरण गरी पायक पर्ने विद्यालयलाई आधारभूत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न गुरुयोजना /DPR तयारी "* कार्यक्रम रहेकोले तहाँ स्थानीय तह भित्र संचालनमा रहेका र नेपाल सरकारबाट यस पुर्व नमूना विकासको लागि छनौटमा परेका बाहेकका सामुदायिक माध्यमिक विद्यलायहरू मध्ये तपसिल अनुसारका मापदण्ड पुरा गर्ने सर्तमा आधारभूत पुर्वाधार सहित ठुला विद्यालय विकास गर्न इच्छुक विद्यालयहरूबाट प्रस्ताव माग गरी स्थानीय तहको सिफारिस सहित प्राप्त प्रस्ताव मिति २०७७।०७।३० गते भित्रमा यस मन्त्रालयमा आइपुग्ने गरी पठाइदिन हुन यस मन्त्रालयको मिति २०७७।०६।१२ को (सचिव स्तरीय) निर्णयानुसार अनुरोध छ।

०७७/०६/१४

लोकेन्द्र प्रसाद भट्ट
शाखा अधिकृत
**शाखा अधिकृत**

**तपसिल**

**(क) पुरा गर्नु पर्ने मापदण्डहरू :**

(१) ठुला विद्यालयको रुपमा विकास गर्न इच्छुक माध्यमिक विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रबाट कम्तीमा २००० विद्यार्थी पुग्ने सुनिश्चितता समेतको प्रतिवद्धता सहितको वि.व्य.स. को निर्णय,

(२) जनसंख्या,भुगोल र पहुँच समेतलाइ आधार मानी सेवा क्षेत्रभित्रका सवै प्रकारका बालबालिकाहरूको शिक्षा प्रदान गर्न सक्ने संभाव्यता रहेको विद्यालय भनि स्थानीय तहबाट भएको निर्णय सहितको सिफारिस,

(३) ठुला विद्यालय स्थापना हुँदा उक्त विद्यालयमा समायोजन तथा एकीकरण हुन सक्ने इच्छुक विद्यालयहरूको सहमति सहितको सूचि।

(४) ठुला विद्यालयको रुपमा विकास गर्न विद्यालय संग प्रयाप्त जग्गा (कम्तिमा पनि तराइ क्षेत्रमा २ विघा तथा पहाडी र हिमाली क्षेत्रमा १० रोपनी ) हुनु पर्ने।

(५) विद्यालयको भौगोलिक अवस्थिति वाढी, पहिरो, भुक्षय लगायतका प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपुर्ण स्थानमा नरहेको हुनु पर्ने ।

**(ख) निवेदनको ढाँचा र पेश गर्नु पर्ने कागजातहरू:**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४(संशोधन सहित) को अनुसूची १ अनुरूपको निवेदनको ढाँचा र आवश्यक कागजातहरू।

**बोधार्थ:**

श्री शिक्षा विकास निर्देशनालय दिपायल, डोटी